स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री तथा पूर्वमिस नेपाल इन्टरनेसनल नीति शाहको आगामी फिल्म 'रुखान'को लिड मेलमा आर्यन अधिकारी जोडिएका छन् । सवीर श्रेष्ठले निर्देशन गर्ने फिल्ममा यी दुईले जोडी बाँध्ने पक्का भएको जनाइएको छ । कथा सुहाउने भएपछि अधिकारीलाई अनुबन्धित गारिएको जानकारी निर्देशक श्रेष्ठले दिए । फिल्म महिला प्रधान कथावस्तुमा बन्न लागेको हो । राजनीतिक र सामाजिक चुनौतीको बाबजुद महिला पात्रले गर्ने संघर्षको कथावस्तुमा फिल्म बन्ने जनाइएको छ ।

**आजको विचार...**



आत्महत्या..
(दुई पेजमा)

सुनिता बस्नेत थापा



विवाहपछि अभिनेत्री ऋचा शर्माको दुई फिल्म प्रदर्शन भए, 'हिजो आजका कुरा' र 'चि मुसी चि' । तर, यी दुईटै फिल्म सफल हुन सकेनन् । यतिबेला 'कमेडी च्याम्पियन'को निर्णायक रहेकी उनले यस वर्ष लगातार फिल्ममा काम गारिरहेकी छन् । गत भदौदेखि फागुनसम्ममा उनले तीनवटा फिल्मको छायांकन सकाएकी छन् । जसमध्ये 'डिग्री माइला' यही चैत ३० गते प्रदर्शनमा आउँदैछ । यो फिल्ममा ऋचाको मुख्य भूमिका छैन । यसै हप्ता सार्वजनिक ट्रेलर हेर्दा फिल्ममा उनी शिक्षा अधिकारी वा निरीक्षकको भूमिकामा हुनसक्ने आँकलन गर्न सकिन्छ ।

❒ वर्ष २९ ❒ अंक २३७ ❒ २०८० चैत १४ गते बुधबार 27 March 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### हमलामा पाँच चिनियाँ मजदुर र पाकिस्तानी चालकको मृत्यु

**(रासस/एएफपी)**

**पेशावर, चैत १३/** चैतउत्तरपश्चिम पाकिस्तानमा एक आत्मघाती हमलाकारीले आफ्नो गाडीलाई निशाना बनाउँदा मंगलबार एउटा प्रमुख बाँध निर्माणस्थलमा कम गरिरहेका पाँच चिनियाँ नागरिक र एक चालकको मृत्यु भएको प्रहरीले बताएको छ । पाकिस्तान बेइजिङको सबैभन्दा नजिकको क्षेत्रीय सहयोगी हो तर पाकिस्तानमा चिनियाँ श्रमिकहरूको सुरक्षा लामो समयदेखि चिन्ताको विषय बनेको छ । "हमलामा पाँच चिनियाँ र उनीहरूको स्थानीय चालक मारिएका छन्", खबैर पख्तुनख्वा प्रान्तका वरिष्ठ प्रहरी अधिकारी मुहम्मद अली गन्डापुरले भने । उनका अनुसार चाइना गेजुवा ग्रुप कम्पनीले निर्माण गरिरहेको दासु जलविद्युत बाँधस्थलबाट उक्त सवारी राजधानी इस्लामाबाद जाँदै गर्दा बेशम सहर नजिकै बम विस्फोट भएको थियो । गहिरो घाटी रहेको एउटा पहाडी सडकमा हमला भएको थियो । सन् २०२१ मा सोही निर्माण स्थलमा इन्जिनियरहरूलाई लैजाँदै गरेको बस बम हमलामा परेको थियो । उक्त हमलामा नौ चिनियाँ श्रमिकसहित १३ जनाको मृत्यु भएको थियो ।

# सात वर्षमा पनि बनेन पुल

**मुसिकोटको झैँदीमा निर्माण हुन लागेको उक्त पुल वडागाउँ र वामी जोड्ने पालिकाको मुख्यद्वार मानिन्छ । लामो समयसम्म पनि पुल निर्माण नहुँदा त्यस क्षेत्रका मानिस कहिले पुल निर्माण होला भनेर पर्खाइमा छन् । सम्झौताअनुसार पुल निर्माण सुरु पनि भयो, तर त्यही क्रममा दुई पटकसम्म पुल भाँचियो । जसका कारण हालसम्म पनि पुल निर्माण सकिएको छैन ।**

**रासस**

**गुल्मी,** चैत १३/जिल्लाको मुसिकोट नगरपालिकाको बडीगाढ खोलामा पुल निर्माण हुने भनिएको सात वर्ष भयो । तर अहिलेसम्म खोलामा पुल बन्न सकेको छैन । पुल बन्ने आसैआशामा स्थानीयले सात वर्ष बिताइसके ।

विसं २०७३ मा तत्कालीन जिल्ला प्राविधिक कार्यालय गुल्मीमार्फत वाइटी जयबुद्ध कन्ट्रक्सन प्रालिले पाँच करोड १७ लाखको लागतमा झैँदीमा पक्की पुल निर्माणको सम्झौता गरेको थियो । सम्झौता अनुसार पुल निर्माण सुरु पनि भयो, तर त्यही क्रममा दुई पटकसम्म पुल भाँचियो । जसका कारण हालसम्म पनि पुल निर्माण सकिएको छैन । दुई पटकसम्म ढलान गर्दै गर्दाको पुल भाँचिएपछि हाल डिजाइन परिवर्तन गरी तेस्रो पटक निर्माण सुरु गरिएको छ । डिजाइन परिवर्तनपछि स्टल ट्रस



फाइल फोटो

ब्रिज निर्माण सुरु गरिएको हो । मुसिकोटको झैँदीमा निर्माण हुन लागेको उक्त पुल वडागाउँ र वामी जोड्ने पालिकाको मुख्यद्वार मानिन्छ । लामो समयसम्म पनि पुल निर्माण नहुँदा त्यस क्षेत्रका मानिस कहिले पुल निर्माण होला भनेर पर्खाइमा छन् ।

स्वीस सरकारको चार करोड १४ लाख ४४ हजार सात सय २२ को आर्थिक सहयोगमा गत वर्षदेखि जलप कन्ट्रक्सन प्रालिले निर्माणको काम गरिरहेको मोटरयोग्य सडक पुल कार्यक्रम ललितपुरका प्राविधिक अधिकृत धिराजा पौडेलले जानकारी दिए । आगामी असार मसान्तसम्म पुल निर्माण सम्पन्न गर्नुपर्ने सम्झौतामा उल्लेख छ । निर्माण व्यवसायीले निकै सक्रियताका साथ काम अगाडि बढेको हुँदा समयमै काम सम्पन्न हुनेमा आफुहरु आशावादी भएको पौडेलले बताए । उनले सम्झौता गरेपछि पनि पुलको डिजाइन केही संशोधन गर्नुपर्ने भएका कारण काममा केही ढिलाइ हुन पुगेको जानकारी दिए । अहिले पुलको फाउण्डेशन निर्माणसहित स्टीलका पार्टमा प्वाल पार्ने, जोड्ने र आकार निर्माणका काम भइरहेको छ । बडीगाढ खोलाको झैँदीमा निर्माण हुन लागेको पुलको लम्बाई ५६ दशमलव ३० मिटर रहेको छ । अहिले स्टील ट्रस ब्रिज निर्माण भइरहेको जलप कन्स्ट्रक्सनका सुपरभाइजर मोतिलाल शर्माले बताए । मुसिकोट नगरपालिकाका प्रमुख जीवलाल खरेल जीवनले यसपटक झैँदीमा पुल निर्माण हुनेमा आफू ढुक्क रहेको बताए । उनले ठूलो मेहनत गरेर डिजाइन परिवर्तन गरी तीव्र रुपमा काम अगाडि बढिरहेको दाबी गरे । समयमा पुल नबन्दा त्यस क्षेत्रका बासिन्दालाई आवतजावतमा सास्ती हुने गरेको छ । खोलामा पुल नहँदा वर्षातको समयमा जोखिम मोलेर वारपार गर्नुपर्ने बाध्यता रहेका स्थानीयको भनाई छ ।

## उपभोक्ताप्रति सचेत बनौं

- खाद्य पदार्थमा कम गुणस्तरको खाद्य पदार्थ वा अन्य अखाद्य पदार्थ मिसावट गर्न,
- अनुचित व्यापारिक क्रियाकलाप गर्न,
- वस्तु वा सेवाको वास्तविक गुणस्तर, नापतौल, मूल्य आदि ढाँटेर वा झुक्याएर बिक्री वितरण गर्न,
- एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप गर्न गराउन,
- एउटै वा एकै किसिमको वस्तु वा सेवा दिने व्यक्ति तथा कम्पनी मिलेर बजारमा एकाधिकार गर्न,
- अरुको उत्पादनलाई बजार प्रवेशमा रोक लगाउन, मिलिमतोमा महङ्गो मूल्य निर्धारण गर्न पाइदैन/हुँदैन ।

*यस्ता कार्य दण्डनीय भएकोले त्यस्तो गरेको पाइएमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा खवर गरौं ।*

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## आज विश्व रंगमञ्च दिवस, विभिन्न कार्यक्रम गरेर मनाइँदै

**पाल्पा,** चैत १३/आज विश्व रंगमञ्च दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरेर मनाइँदै छ । हरेक वर्ष मार्च २७ का दिन विश्व रंगमञ्च दिवस मनाउने गरिन्छ । समाजका विकृति-विसंगतिलाई हटाउन नाटकमार्फत उत्प्रेरणा जगाउने उद्देश्यले हरेक वर्ष यो दिवस मनाउने गरिएको हो ।




पछिल्लो समय नेपालमा पछिल्लो रंगमञ्चप्रतिको आकर्षण बढ्दै गएको पाइएको छ । सन् १९६१ मा अन्तर्राष्ट्रिय रंगमञ्च इन्स्टिच्यूटले यो दिवसको अवधारणा ल्याएपछि हरेक वर्षको मार्च २७ मा विश्व रंगमञ्च दिवस मनाउन थालिएको हो । विश्व रंगमञ्च दिवस अझै पनि अन्तर्राष्ट्रिय रंगमञ्च संस्थान द्वारा प्रायोजित छ । र,युनेस्कोले पनि यस दिवसको विश्वव्यापी प्रचारमा सहयोग गरेको पाइन्छ । यसको आफ्नो छुट्टै महत्व छ । यो दिवसले रंगमञ्च कलाको सार, सौन्दर्य, महत्व र मनोरञ्जनमा तिनीहरूको महत्वपूर्ण भूमिका, रंगमञ्चले जीवनमा पारेको प्रतीकात्मक प्रभावबारे मनाइन्छ । यो दिनले विश्वभरका सरकार, राजनीतिज्ञ, संस्था तथा सरोकारवालालाई थिएटरको मूल्य र आर्थिक वृद्धिको सम्भावनालाई प्रष्ट पार्दछ । नेपालमा रंगमञ्चलाई समग्र मानव जीवनलाई नै चित्रण गर्ने प्रभावशाली विधाको रूपमा लिइन्छ । समाजलाई सही बाटो हिँडाउन, विसंगति तथा विकृति हटाउन मानिसको कलालाई प्रस्तुत गर्न नाटकले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । पछिल्लो समय नेपाली रंगमञ्चमा युवा पुस्ताको आकर्षण पनि बढ्दो छ । तर उनीहरूको आर्थिक अवस्थामा भने सुधार आउन सकेको छैन । उपयुक्त श्रोतसाधनको कमीका कारण नेपाली नाटकलाई विश्व रगंमञ्चका रूपमा विकास गर्न नसकेको रंगकर्मीले गुनासो गरिरहेका छन् । यस अवस्थामा रंगमञ्चको व्यवस्थापन, प्रवर्द्धन र रंगकर्मीहरूको पेशागत सुरक्षातर्फ पनि सम्बन्धित निकायको ध्यान जान आवश्यक छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## क्षयरोग उन्मूलनमा सकस

नेपालमा क्षयरोग एक प्रमुख जनस्वास्थ्य समस्याको रुपमा रहेको छ । क्षयरोग माइक्रोव्याटेरियल टयूवरकुलाई भन्ने व्याक्टेरियाको संक्रमणबाट हुने सरुवा रोग हो । यो रोग श्वासप्रश्वासको माध्यमबाट सर्दछ । नेपालमा यो रोगका कारण दैनिक सरदर १२ जना भन्दा बढीको मृत्यु हुने गरेको पाइन्छ, भने वर्षेनी ४३ हजार भन्दा बढी नेपालीमा यो रोगको संक्रमण देखिने गरेको छ । नेपालमा यो रोगको संस्थागत रुपमा उपचार हुन थालेको ८ दशकभन्दा बढी भइसक्यो । यस अवधिमा रोकथामका लागि विभिन्न मोडल प्रयोग भए, तर विरामीको संख्या घट्न सकेको छैन । पछिल्लो समय यो रोग थप चुनौतिको रुपमा रहेको छ । भारत विश्वमै बढी क्षयरोगी भएको मुलुक मानिन्छ । त्यही देशसँग खुला सीमा जोडिएकाले पनि नेपालमा यसको नियन्त्रणमा थुप्रै चुनौती रहेका छन् ।

सरकारले क्षयरोगीलाई नि:शुल्क उपचारको व्यवस्था मिलाए पनि बिरामी संख्या घट्न नसक्नु दुखद् हो । सरकारको दिगो विकास लक्ष्यमा क्षयरोग निवारण पनि परेको छ । सन् २०३० सम्ममा क्षयरोगका बिरामी प्रतिलाख जनसंख्यामा २० जनाभन्दा कममा झार्ने, २०३५ सम्ममा प्रतिलाखमा १० भन्दा कम बनाउने र २०५० सम्ममा क्षयरोग उन्मुलन गर्ने लक्ष्य छ । यद्यपी यो लक्ष्यले पुरा हुने सम्भावना निकै कम छ । क्षयरोगको व्यापकता र महत्वलाई जनता सामु उजागर गर्न र सम्पूर्ण सरोकारवालाहरुको ध्यानआकृष्ट गरी कार्यक्रमको प्रभावकारिता बढाउन हरेक वर्ष मार्च २४ तारिखमा विश्व क्षयरोग दिवस मनाउने गरिन्छ । यस वर्ष पनि यो दिवस मनाइसकिएको छ । तर दिवसले सार्थकता पाउन सकिरहेको छैन । दिवसले त उपलब्धी हाँसिल गर्नुपर्ने हो । तथ्यांकमा फरक पार्न सक्नुपर्ने थियो । तर त्यसो हुन सकिरहेको छैन । अझै पनि ४५ प्रतिशत क्षयरोगका रोगीहरु उपचारबाट बञ्चित छन् । उपचारबिना रोगलाई नियन्त्रण गर्न नसकिने अवस्थालाई ध्यान दिँदा यति ठूलो संख्या त्यसबाट पर रहनु गम्भीर चुनौतीको विषय हो । क्षयरोग कुनै पनि वर्ग, उमेर समूह, धर्म, लिङ्ग, समाज, भूगोलमा बस्ने मानिसलाई लाग्न सक्ने सरुवा रोग हो । समयमै पहिचान र उपचार भएन भने यसलाई गम्भीर प्रकृतिको रोगका रूपमा पनि लिइन्छ । त्यसैले सबै सजग, सचेत र सावधान हुन जरुरी छ । सरकारले जिम्मेवारीपूर्वक कार्ययोजना बनाएर तदारुकताका साथ कार्यान्वयन पक्षमा लाग्न जरुरी छ । यसो भयो भने मात्र क्षयरोग नियन्त्रण तथा न्यूनीकरणको चुनौतीलाई चिर्न सकिन्छ ।

## Opinion @ Social Network

मित्र पनि गजबको छ, गुनको बदला खुन माग्छ
खुन दिएर म रित्तिएँ भने उसको गुनको के अर्थ ?
(*कमला न्यौपाने फेसबुक स्टाटस https://www.facebook.com/kamala .Nyaupane*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आत्महत्या कि मानसिक दुर्वलता ?



सुनिता बस्नेत थापा

*विश्व स्वास्थ्य संगठनको परिभाषा अनुसार पनि शारीरिक, मानसिक एवं सामाजिक रुपमा सन्तुलन हुनु नै स्वाश्थ्य हो भन्छ । त्यसैले पनि मानसिक रुपमा पनि स्वस्थ रहे नरहेको बेलैमा पहिचान गरेर त्यसको समाधान गर्न सके यस्ता निराशाजनक कृयाकलाप कम हुन सक्छ । म हुन् त सबैमा जीवन बाँच्ने कला आफ्नै खालको हुन्छ । व्यक्तिको स्वभाव, क्षमता, विवेक, आत्मबल, एकैनाश नहुन सक्छ । कति कुराहरु वंशानुगत हुन सक्छ त कति आफूले पाएको संस्कारमा पनि भर पर्छ तर योग, मानसिक व्यायाम, सरल जीवन जस्ता कृयाकलापहरुले आफूलाई चिन्न आफ्नो महत्व बुझ्न सहयोग गर्छ भने परिवार साथीसँगीसँगको खुला वार्तालापले कुण्ठा हुनबाट बचाउँछ । आत्म हत्याको सोच भएका व्यक्तिलाई बाहिरबाट त केही गर्न सकिँदैन तर घर परिवार साथी आफन्त कतै भित्रभित्रै मानसिक पीडा लिएर बाँचेका त छैनन् भन्ने खोज्न सकिन्छ । आत्महत्याको योजना छ कि भनि सोध्न सकिन्छ । लक्षणहरुको गहन अवलोकन गर्न सकिन्छ ।*

आजकाल अमेरिकी-नेपाली समुदायमा आत्महत्याका घटनाहरु बढेको देखिन्छ । सपनाको देशमा आएर संघर्ष गरी ख्याति कमाएका सामाजिक अगुवासमेतले आफ्नो ज्यान आफैंले लिएका घटना देख्दा अमेरिकन नेपाली समाज सचेत हुन आवश्यक छ । वर्षै पिच्छे उदाहरणीय व्यक्तित्व नै जीवनदेखि हार खाएर आफूलाई मृत्युको मुखमा समर्पण गरेका घटनाहरुले समाजमा नकारात्मक प्रभाव त पारेको नै छ, स्थानीय समाजको पनि नेपालीप्रतिको विश्वास पनि गुम्न सक्छ । यस्ता घटनाहरुले नेपालीप्रति इमिग्रेसन सिस्टममा दीर्घकालीन असर नपार्ला भन्न सकिन्न । त्यसैले पनि सामाजिक एवं व्यक्तिगत स्तरमा आत्महत्या हुन सक्ने लक्ष्यण एवं कारण पत्ता लगाएर यसको निवारण गर्न आवश्यक छ । गत वर्ष टेक्सस र हालसालै नर्थ क्यारोलिनाको भयानक घटनाले अमेरिकावासी नेपाली मात्र नभइ पुरै डायस्पोरा नराम्रोसँग हल्लाएको छ । त्यसै गरि महिनै पिच्छे विभिन्न राज्यहरुमा भएका नेपालीहरुको आत्महत्याको समाचारले सञ्जाल तातेको हुन्छ ।

जे सुकै वहाना भए पनि विदेशीनु सुख र खुशी खोज्न कै लागि हो । स्थायी बसोबास गरे पनि या धन कमाएर स्वदेश फर्किए पनि विदेशिनुको मुल उद्देश्य जीवन स्तर उकास्नु हो तर खुशी टिप्न आएका नेपाली अमेरिका जस्तो सम्भ्रान्त देशमा आएर आफैं सखाप हुनुको कारण के हुन सक्छ ? कुनै पनि मानसिक रुपमा स्वश्थ व्यक्तिले आफ्नै ज्यान लिन सक्दैनन् भन्ने कुरा मनोविदहरु ठोकुवा गरेर भन्दछन् । विश्व स्वास्थ्य संगठनको परिभाषा अनुसार पनि शारीरिक, मानसिक एवं सामाजिक रुपमा सन्तुलन हुनु नै स्वाश्थ्य हो भन्छ । त्यसैले पनि मानसिक रुपमा पनि स्वस्थ रहे नरहेको बेलैमा पहिचान गरेर त्यसको समाधान गर्न सके यस्ता निराशाजनक कृयाकलाप कम हुन सक्छ । मुटु नै हल्लाउने गरि भएका यी सामाजिक अगुवाहरुको आत्महत्याको जड समाचारमा आए अनुसार पारिवारिक मनमुटाव, अभाव, गृहकलह देखिन्छन् । हुन पनि अमेरीका जस्तो अति नै व्यस्त ठाउँमा रोजीरोटिको काम मात्रै गर्दा पनि परीवारसँग दैनिक भेट हुन गाह्रो पर्छ । भेट भए पनि दुख सुख साट्ने, सँगै खाना खाने समय कम हुन्छ । त्यस माथि पनि सामाजिक जिम्मेवारी लिँदा पारिवारिक समय खोसी दिएको हुन्छ । त्यसैले पनि अमेरिकामा धेरै मानिस एक्लोपनका शिकार छन् । प्रत्येक सेकेन्ड, मिनेट, घन्टा परिश्रम र कमाइमा गनिने ठाउँ हो अमेरिका । धेरै समय सामाजिक काममा लाग्दा अवश्य नै आर्थिक अवस्थामाअसर पर्छ । 'जहाँ कंगाल, त्यहाँ चण्डाल' भने झैं पारिवारिक मतभेद र तनावको जड त्यहींबाट शुरु हुन्छ । परिवारको भविश्यको त कुरै छोडौं वर्तमानमा पनि आर्थिक संकट हुन सक्छ । परिवारप्रतिको आर्थिक जिम्मेवारी बहन गर्न नसक्नु र सामाजिक प्रतिष्ठाको लोभमा बाहिर नै रमाइ रहँदा मानिसले नाम त कमाउँछ तर परिवार गुमाउँछ । जति नै माथि पुगे पनि आफ्नो अटल धरातल परिवारको विश्वास, माया गुमाए पछि सफलताको मकुन्डो लाएर खुशीको अभिनय गरिरहे पनि मनमा जमेका कुण्ठाको विषले आफू र आफ्नालाई जलाउँछ । अनुसन्धानका अनुसार ५० कटेका एकल पुरुषहरुमा आत्महत्याको अनुपात बढी देखिन्छ । त्यस्तै अमेरीकामा आत्महत्या गरेकाहरु पुरुषहरु नै छन् । हाम्रो जस्तो पुरुष प्रधान समाजमा आफ्नो हैकम चलाएर बसेका पुरुषहरुमा एक्लोपन र आत्मसम्मानको समस्या नपर्ला भन्न सकिन्न ।

अमेरिकामा जो कोही पनि एक्लोपनको शिकार सजिलै हुन सक्छ । स्वभावैले पनि महिलाहरुमा कतिपय आफन्तहरुको धारिलो बचन र ब्यबहार सहन गर्न सक्ने क्षमता हुन्छ तर पुरुषहरुमा यो शक्ति कम देखिन्छ । अझै हाम्रो जस्तो पुरुष प्रधान समाजमा त अति न्युन हुन्छ । परिवारमा पनि पुरुषका गल्ती र कमजोरीलाई औंल्याउँदा आफू सच्चिनु भन्दा पनि 'मै हुँ' भन्ने प्रवृत्तिले जकडेको हुन्छ । त्यस माथि आफ्नो पुरुषवादी सोचलाई कायम राख्न नसक्दा 'मेल इगो' असन्तुलन भइ दीर्घकालमा कुण्ठा ननिम्त्याउला भन्न सकिन्न । कतिपय मानिसमा मानसिक दुर्वलता बढ्दै गए पछि त्यसलाई छोपछाप गर्न निरन्तर दौडी रहन्छन् । दुर्वलतालाई सवलतामा परिणत गर्न भन्दा पनि दुर्वल छैन भनि प्रमाणित 'डिनाइल' गर्न खोज्दा दुर्वलता बढेर झन् विकराल रुप लिन सक्छ । सर्वप्रथम आफूले आफूलाई माया गर्नु पर्छ । अनि मात्र आफ्नालाई माया गर्न सकिन्छ । त्यस पछि मात्र अरुलाई माया बाँड्न सकिनछ । तर अमेरिका जस्तो अति व्यस्त ठाउँमा आफू र आफ्नालाई लत्याएर पपुलर हुनको लागि गरिएको दौडधुपले आफूलाई सखाप त पारेको छ आफ्नालाई पनि जीवन भरको लागि पीडा र अभावमा छोडेको देखिन्छ । समुदायले पनि सामाजिक अनुहार मात्र हेरेर घर परिवारलाई दोष लाउने गरेको छ । जसले गर्दा मृतहरुको परिवारलाई जीवनभरको लागि तनाव र ग्लानी दिएर जान्छ । अझै सामाजिक सञ्जालमा हुने वकालत, तथानाम गाली गजौल र धम्कीले परिवार र आफन्तलाई मरेतुल्य पारेको देखिन्छ ।

जबसम्म आफूले आफैंलाई माया गर्छ तबसम्म कोही कसैको आत्महत्याको कारण बन्न सक्दैनन् । कसैले भन्दा के फरक पर्छ र ? त्यो गाली गजौल स्वीकार्नु नस्वीकार्नु आफनो हातमा हुन्छ । गौतम बुद्धले आफ्ना चेलालाई, 'कसैले दिएको नराम्रो कुरा अश्वीकार गरे त्यही दिने मानिसतिर नै फर्कन्छ ।' भनेका छन् । पहिला आफू र आफ्ना अनि मात्र समाजलाई ध्यान दिँदा भोतिक अभाव एवं मानसिक तनावको व्यवस्थापन गर्न सजिलो हुन्छ । भित्र भित्र आफुलाई जलाएर उज्यालो देखिनु आफूले आफूलाई, आफ्नालाई र समाजलाई दिएको दिएको धौका हो जसले आफूलाई खरानी पार्छ भने आफ्नालाई सधैंको जलाइ रहन्छ । मानसिक स्वाश्थ्यलाई ध्यानमा राखेर विश्व स्वाश्थ्य सककगठनले बनाएको, 'its okay to be not okay !' भन्ने स्लोगन बनाएको थियो जुन हामी सबैले मनन र अनुशरण गर्दा यस्ता भयानक दुर्घटना हुनबाट बच्न सक्छ । भगवानले त कति पीर व्यथा भोग्न परेका किंवदन्ती सुनिन्छ पढिन्छ भने हामी मानव सदा खुशी र सुखी देखिन खोज्नु भ्रम मात्र हो। आफ्नो मनोदशा सन्तुलनमा राख्न आफ्ना कमिकमजोरीलाइ पनि स्वीकार्न पर्छ । जब मानिस सामाजिक कार्य तर्फ लाग्न थाल्छ तव आफुलाइ सर्वगुण सम्पन्न सम्झिन थाल्छ हुन त सर्वसाधारणको अपेक्षा पनि सर्वगुण सम्पन्न अगुवा चाहन्छन् जसले गर्दा आफू र आफ्नालाई जलाएर पनि मन पराइनुमा सामाजिक नेताहरु केन्द्रित भएका हुन सक्छन् । विभिन्न किसिमका हर्मोनहरुले सुख, खुशी, दुख, निराशा जस्ता कुराहरुमा प्रभाव पार्ने हुनाले सधैं एकै नाशको सोच र आत्मवल नहुन पनि सक्छ । त्यस्तै मौसमले पनि मानिसहरुको मुडमा ठूलो प्रभाव पारेको देखिन्छ ।

हुन् त सबैमा जीवन बाँच्ने कला आफ्नै खालको हुन्छ । व्यक्तिको स्वभाव, क्षमता, विवेक, आत्मबल, एकैनाश नहुन सक्छ । कति कुराहरु वंशानुगत हुन सक्छ त कति आफूले पाएको संस्कारमा पनि भर पर्छ तर योग, मानसिक व्यायाम, सरल जीवन जस्ता कृयाकलापहरुले आफूलाई चिन्न आफ्नो महत्व बुझ्न सहयोग गर्छ भने परिवार साथीसँगीसँगको खुला वार्तालापले कुण्ठा हुनबाट बचाउँछ । आत्म हत्याको सोच भएका व्यक्तिलाई बाहिरबाट त केही गर्न सकिँदैन तर घर परिवार साथी आफन्त कतै भित्रभित्रै मानसिक पीडा लिएर बाँचेका त छैनन् भन्ने खोज्न सकिन्छ । आत्महत्याको योजना छ कि भनि सोध्न सकिन्छ । लक्षणाहरुको गहन अवलोकन गर्न सकिन्छ । भनिन्छ, आत्महत्याको योजना बनाएका मान्छेहरु कता कता हराइ रहे जस्ता देखिने, अति खुशी या दुखी देखिने, आफूलाई अत्यन्त मन परेको चिज सजिलै अरुलाई दिने, अनौठो खालको व्यवहार देखाउने जस्ता कृयाकलापहरु देखिए भने खतराका संकेत हुन सक्छ भनेर मनोविदहरु भन्दछन् । उदाहरणीय व्यक्तिको भयानक दुर्घटना देख्दा नेपाली 'समाजसेवी समाज' मानसिक स्वाश्थ्यको लागि एक चोटी घोरिन पर्ने अवश्था आएको छ । आत्महत्या नियतिको चक्र होइन यो त रोजाइ हो । मानसिक दुर्वलतासँगै पलाएको कायरता हो । जीवन आफैलाई जित्नको लागि हो । आफूलाई नै मार्नु भनेको अरुलाई मार्नु भन्दा पनि ठुलो पाप हो । मरेर गए पछि त के हुन्छ कसैले देखेको छैन तर बांचेका आफ्नालाई बाँचेर पनि मरण सरहको जीवन नदिउँ । एकैपल पलाएको राक्षशीपनलाई उपचारबाट निको पार्न सकिन्छ । सुन्दर संसारमा फुलेको जीवन अन्त्यसम्म मगमगाई रहोस् ।

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । समाजसेवामा मन लाग्नेछ । | **तुला** : प्रतियोगितात्मक क्रियाकलापबाट लाभ मिल्नेछ । कार्यमा सफलता पाइनेछ। |
| **वृष** : गोपनीय ढङ्गले गरिएको क्रियाकलापमा सफलता पाउनुहुनेछ । | **वृश्चिक** : बुद्धिले लक्ष्य पहिल्याउन सकिने छ । बोलीले कार्य सम्पादन हुनेछ । |
| **मिथुन** : आर्थिक कारोबारमा विवाद आउनेछ । खानपिनमा सचेत रहनुहोला। | **धनु** : परिवारमा रमाइलो जमघट हुनेछ र अभिभावकले सन्तुष्टि जनाउने छन् । |
| **कर्कट** : कलासाहित्यमा रुचि बढ्नेछ। अध्ययन अध्यापन सफल रहेको छ । | **मकर** : साथ तथा समर्थन पाइने हुनाले सार्वजनिक पद पाउने योग रहेको छ। |
| **सिंह** : मनोरञ्जनमा सहभागिता भइएला । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । | **कुम्भ** : आफन्तजनसँग मनमुटाब बढ्नेछ यात्रा गर्दा विशेष ध्यान दिनुहोला । |
| **कन्या** : बोलीको प्रभाव बढ्नेछ । प्रणय सम्बन्ध र रतिराग बढाउने समय छ । | **मीन** : आँटेको र ताकेको कार्य पुरा होला । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ। |




# ‘महाजात्रा’ : रमाइलो सिनेमा




कस्तो सिनेमा चल्छ ? यसमा सम्भवत : धेरैको जवाफ यही होला- राम्रो चलचित्र चल्छ । त्यसो भए सबै राम्रा सिनेमा चल्छन् ? भोलिको कुरा त कसले देखेको छ र, तर इतिहास हेर्ने हो भने सबै राम्रा सिनेमा चलेका छैनन् । र, नचल्दैमा सबै सिनेमा नराम्रा पनि हुँदैनन् । विश्वमा थुप्रै मास्टरपिस सिनेमा, जो हलमा चलेनन्/रुचाइएन । नेपालमा पनि उदाहरण खोज्दा यस्ता सिनेमा थुप्रै छन्, जो राम्रा भनिए, तर चलेनन् । कुन-कुन सिनेमाले यो नियति भोगे भन्ने नाम लिइरहनु पर्दैन, धेरैलाई थाहै छ । तर, नि : सन्देह यो सत्य हो सिनेमा त्यसै चल्दैन । सिनेमा चल्न त्यसमा केही न केही पक्ष राम्रो चाहिन्छ । अन्यथा, यो ढुक्कै हो सिनेमा चल्दैन । प्रसंग हो, चलचित्र ‘महाजात्रा’को । प्रशस्त पैसा छ । त्यसकै जगमा टेकेर चुनाव जितेर गृहमन्त्री हुँदै प्रधानमन्त्री हुने सपना छ । धन त छ, तर कालो । कसरी त्यसलाई जोगाउने ? तनाव छ । त्यही तनावको सेरोफेरोमा ‘महाजात्रा’ उभिएको छ । ‘महाजात्रा’लाई टेको लगाउने काम गरेका छन्, ‘जात्रा’ शृंखलाका मुख्य पात्रत्रय विपीन कार्की, रवीन्द्रसिंह बानियाँ र रवीन्द्र झाले । यो शृंखलामा प्रवेश गरेका नयाँ पात्र हुन्, हरिवंश आचार्य ।

नेपालमा आमनेपाली सिनेमा मेकरको समस्या करिब-करिब उस्तै छ । परिवार पाल्न आकर्षक रोजगारीको अभाव नेपाली युवाको साझा समस्या हो, रहरले फुलाएको सपनालाई आकार दिन त परको कुरा भयो । यही बाध्यताभित्र पसेर दुई नम्बरी गरेर कमाएको पैसा लुकाउन नेताहरूले के-केसम्म गर्छन्, क-कसलाई प्रयोग गर्छन्, त्यसको प्रभाव कसलाई के पर्छ, यो नै ‘महाजात्रा’को मुख्य कथा हो । निश्चित समयका लागि पैसा लुकाउने चक्करछन्, केही पात्र । तर किन ? प्रस्ट छैन । राज्यले छापा हानिरहेको समय हो अथवा अरू कुनै कारण छ ? यदि, यही कारण हो भने पनि आफू बच्न र पैसा बचाउन राजनीतिक सेटिङका लागि प्रयास गर्छ कि गर्दैन ? गर्छ भने किन देखाइएन ? सायद यी प्रश्नको जवाफ लेखकले स्क्रिप्टमा खोजेको भए सिनेमालाई थप टाइट गर्न सहयोग गर्थ्यो । सिनेमाको कथा धेरै अगाडि बढ्दैन । पैसा लुकाउने चक्कर र त्यसबाट बच्चे प्रयासकै वरपर सिनेमा रुमलिन्छ । तर, कथा नेपाली समकालीन समयको हो । कसरी नेपाली राजनीति भ्रष्ट भइरहेको छ, अभावको दलदलमा रहेका निर्दोष नागरिक कसरी राजनीतिको सिकार भइरहेका छन्, सिनेमाले छर्लंग पारिदिएको छ । समकालीन राजनीति र राजनीतिज्ञलाई यो व्यंग्य पनि हो । चलचित्रका अधिकांश सिनमा पञ्चलाइन छ । सिनेमाले हँसाउँछ । प्याट्टप्याट्ट टाउकामा हिर्काउँदा पनि दर्शक हाँस्छन् । यो निर्देशकीय सफलता हो । केही इमोसनल दृश्य छन्, जसले हाँसिरहेका दर्शकलाई रुवाउँछ । फेरि छिनमै हँसाउन सक्नु सिनेमाको सफलता हो । आफ्नो राजनीतिक करिअर बचाउन साम, दाम, दण्ड, भेद अपनाउने राजनीतिज्ञ कतिसम्म कठोर हुन्छन् ? अथवा, बीचमा सन्तान आउनेबित्तिकै गोदामभरि पैसा थुपार्ने राजनीतिज्ञ हजारौं जनता र कार्यकर्ताको अगाडि कसरी आफैंले आफैंलाई भ्रष्ट र पापी करार गर्न तयार हुन्छन् ? नेपाली राजनीतिमा यति धेरै नैतिकता छ ? यति चाँडै/सहजै भ्रष्ट नेता युटर्न हुन्छन् ? प्रश्न गर्ने ठाउँ छ । कथाभन्दा पनि पञ्चलाइनमा ध्यान दिँदाको समस्या हो यो । सिनेमाका मुख्य चार पात्र विपीन कार्की, रवीन्द्रसिंह बानियाँ, रवीन्द्र झा र हरिवंश आचार्यसहित वर्षा राउतको अभिनयमा खोट लगाउने ठाउँ छैन । कथालाई अगाडि बढाउन आउने केही सपोर्टिभ आर्टिस्टको अभिनयले भने बिझाउँछ । ‘महाजात्रा’ चुकेको मेकिङमा हो । सिनेमेटोग्राफीमा निर्देशकले उति धेरै ध्यान दिएका छैनन् । सिनेमेटोग्राफीले चलचित्रलाई थप बलियो बनाउन सक्थ्यो, जसमा निर्देशकले ध्यान नदिएको देखिन्छ । चलचित्रमा ध्यान दिनुपर्ने अर्को महत्त्वपूर्ण पक्ष साउन्ड र ब्याकग्राउन्ड स्कोर हो । साउन्ड र ब्याकग्राउन्ड स्कोरले चलचित्रमा आत्मा भर्ने काम गर्छ । तर, यसमा पनि निर्देशकले त्यति धेरै ध्यान दिएका छैनन् । नेपाली मेकर अक्सर टेक्निकल पक्षमा त्यति धेरै ध्यान दिँदैनन् । यो आरोप अधिकांश मेकरले खेप्दै आएका छन् । यो आरोपबाट निर्देशक प्रदीप भट्टराई पहिलो सिनेमाबाटै उम्किन सकेका छैनन् । उनका सिनेमाले बक्सअफिसमा राम्रो कमाइ गरेका छन् । तर, मेकिङमा कमजोर हुने गरेको टिप्पणी झेल्दै आउनुपरेको छ । पाँचौं सिनेमामा आइपुग्दा पनि उनले यो आरोपको सामना गर्नैपर्नेछ । सिनेमाको जग स्क्रिप्ट नै हो । यसर्थ राम्रो सिनेमा बन्न स्क्रिप्ट बलियो हुनैपर्छ । अभिनय अर्को महत्त्वपूर्ण पाटो हो । तर, अभिनय र कथा मात्र सिनेमा होइन । टेक्निकल पक्षले सिनेमालाई थप स्वादिलो बनाउँछ । सिनेम्याटिक फिल दिन्छ । सिनेम्याटिक चलचित्रले दर्शकलाई हलसम्म डोऱ्याउन मद्दत गर्छ । विम्ब र प्रतीकले सिनेमालाई थप कलात्मक बनाउँछ । सिनेमा दृश्य भाषा हो । त्यसले यसको अपेक्षा अस्वाभाविक होइन । कति कुरा दृश्य बोल्दा संवाद नै चाहिँदैन । यसले सिनेमालाई थप वज प्रदान गर्छ । यसले निर्देशकीय कला पनि उजागर गरिदिन्छ । तर, यसमा प्रदीपले खासै ध्यान दिएका छैनन् । धेरै विम्ब र प्रतीक प्रयोग गरिने जानराको सिनेमामा काम नगरेकाले पनि हुनसक्छ । यद्यपि, पात्रले लगाउने लुगादेखि उसले प्रयोग गर्ने सामग्रीसम्ममा पनि विम्ब प्रयोग गर्न सकिन्छ । लाइटमार्फत खेल्न सकिन्छ ।

जे होस्, प्रदीपले आफूलाई हिट सिनेमा निर्देशकका रूपमा प्रमाणित गरिसकेका छन् । कमेडी जानरामा आफूलाई स्थापित गरिसकेका छन् । अब उनले आफूलाई प्रमाणित गर्न अरू जानरामा बाँकी हो । तर, उनी कमेडी जानरामा मौलिक फ्लेवर दिने निर्देशक हुन् । त्यो निर्देशकीय सफलता पनि हो । सिनेमा केका लागि बनाइन्छ ? व्यक्तिअनुसार यसको जवाफ फरक-फरक आउला । तर, कथा भन्दै सन्देश र मनोरञ्जन दिनु सायद सिनेमा बनाउनुको कारण होला । सिनेमाको उद्देश्य मनोरञ्जसँगै सन्देश पनि दिनु हो भन्ने तर्कमा सहमत हुने हो भने प्रदीप ‘महाजात्रा’मा सफल छन् । आफ्ना मुख्य पात्रको नैतिकता र क्लाइमेक्समार्फत राजनीतिज्ञलाई नैतिकताको पाठक सिकाएका छन्, यो सिनेमाको सन्देश हो । बाँकी रह्यो मनोरञ्जन । सिनेमाले पूर्ण अवधिभर इंगेज गर्छ । प्राय : हरेक सिनमा हँसाउँछ, यो मनोरञ्जन हो । यस मानेमा निर्देशक प्रदीप सफल छन् । दुई घण्टा ४० मिनेट बाहिरी संसारको दु:ख भुलाउन ‘महाजात्रा’ सफल छ । ‘महाजात्रा’ हेरेर दर्शक चुकचुकाउँदैनन् । हाँसेरै फर्किन्छन् ।

*-बाहखरी डटकम*

# प्रदीपको फिल्ममा भित्रिए क्याप्टेन विजय लामा




प्रदीप शाहीको निर्देशन रहने नयाँ फिल्ममा कलाकारको रूपमा विजय लामा भित्रिएका छन् । फिल्मको विशेष भूमिकाको लागि लामा भित्रिएको कार्यकारी निर्माता विनोद सुवेदी खत्री ‘क्षितिज’ले बताए । प्रदीपकै निर्देशन रहेको गतवर्ष प्रदर्शित फिल्म ‘अन्तिम संस्कार’मा लामा मुख्य भूमिकामा थिए । अहिले भने विशेष भूमिकामा देखिन लागेका हुन् ।

यसअघि फिल्मका लागि प्रदीप खड्का, बेनिशा हमाल छानिएका छन् । साइ-फाई जोम्बी थ्रिलर जनरामा निर्माण हुने फिल्मको नाम दर्ता हुन बाँकी भएकोले अहिले बाहिर नल्याइएको हो । शाइ प्रोडक्सन नेपालको ब्यानरमा निर्माण हुने फिल्ममा ह्याम्साएर एकाउन्टेनको सहकार्यरहने छ । फिल्मको अन्य कलाकार प्राविधिक पक्ष छिट्टै फाइनल गरेर फिल्म छायाङ्कनमा निस्कने तयारीमा जुटेको निर्माण युनिटले जनाएको छ ।

*-रातोपाटी डटकमक*

# ‘रावायण’मा अब पल र पूजा




गत असोजमा फिल्म ‘रावायण’लाई लिएर ठूलो विवाद उत्पन्न भयो । छायांकनमा निस्कने बेला अभिनेता अनमोल केसीले फिल्ममा काम नगर्ने निर्णय लिएपछि उनीविरुद्ध निर्देशक सुदर्शन थापाले प्रहरीमा आपराधिक विश्वासघात मुद्धामा उजुरी दिए । र, अनमोल पक्राउ परे । त्यसपछि फिल्मको निर्माण नै अन्योलमा थियो । अब सुदर्शनले ‘स्टारकास्ट’ हेरफेर गर्दै फिल्म बनाउने भएका छन् । फिल्ममा अभिनेता पल शाह र अभिनेत्री पूजा शर्माको जोडी बाँधिने भएको छ । यो उनीहरुको तेस्रो सहकार्य हुनेछ । यसअघि ‘म यस्तो गीत गाउँछु’को दुई श्रृंखलामा उनीहरुले एकसाथ काम गरेका थिए । अनमोलको अपोजिटमा अनुबन्ध भएकी नीति शाह पनि फिल्मबाट अलग भएकी छन् । पहिला नै भित्रिएका अभिनेता प्रमोद अग्रहरी र पूर्व मिस नेपाल निकिता चण्डक भने यथावत् छन् ।

फिल्ममा प्रियंका कार्की, प्रकाश शाह, कैलाश रावल, अर्जुनजंग शाही, शर्मिला मल्ल, प्रदिप ढकाल आदिको पनि अभिनय रहनेछ । आइतबार थिम पोस्टर सार्वजनिक गर्दै आगामी भदौ २१ गते ‘तीज’लाई प्रदर्शन मिति घोषणा गरिएको छ । यही चैत अन्तिमबाट छायांकन सुरु हुने ‘रावायण’लाई सुदर्शन थापा र पूजा शर्माले निर्माण गर्नेछन् । फिल्म खिच्ने जिम्मेवारी सौरभ लामाको काँधमा छ । फिल्ममा शिवम् अधिकारीको लेखन छ भने विक्रम स्वार र रामजी लामिछानेको कोरियोग्राफी तथा श्री श्रेष्ठको द्वन्द्व निर्देशन हुनेछ । फिल्मको संगीतको सम्पूर्ण काम मुम्बईमा भइसकेको छ । एक्सन-लभस्टोरी कथामा बन्न लागेको फिल्ममा पलको दोहोरो भूमिका हुनेछ । एउटा सकारात्मक र अर्को नकारात्मक चरित्र हुने स्रोतको दाबी छ । उनी पहिलोपटक डबल रोलमा देखिन लागेका हुन् ।

*-फिल्मी खबर डटकम*

# कलामार्फत ‘अनिच्च’को सार बुझाउँदै



संसार अनित्य र परिवर्तनशील छ । कुनै कुराको अस्तित्व आज छ, भोलि हुँदैन । ब्रह्माण्डको यो नियमलाई बुझाउने एउटा शब्द बौद्ध दर्शनमा छ- अनिच्च । यो शब्दको अर्थ हुन्छ, अस्थायी जीवनको हिस्सा । संसारका आठ चर्चित कलाकारले यतिबेला नेपालमा कलामार्फत ‘अनिच्च’ शब्दको सार बुझाउन खोज्दैछन् । बौद्धस्थित लिच्छवि हाउसमा आयोजित साता लामो कला प्रदर्शनीमा विभिन्न पृष्ठभूमिबाट आएका कलाकारले अनित्यको यो भाव प्रस्तुत गर्दैछन् । क्यानडेली कलाकार एमिली एभरी योशिको क्रोद्वारा क्युरेट गरिएको प्रदर्शनीमा स्थानीय र अन्तर्राष्ट्रिय कलाकारको जमघट चलिरहेको छ । चैत ११ देखि सुरु भएको प्रदर्शनी १७ गतेसम्म चल्नेछ । प्रदर्शनीमा फोटोग्राफी, चित्रकला, भिडियो र अन्तरक्रियात्मक सत्र समावेश छन् । विश्वचर्चित फिल्म निर्देशक, लेखक तथा बौद्ध गुरुङ खिन्से नोर्बुले कला प्रदर्शनीको शुभारम्भ गरेका थिए । क्युरेटर क्रो प्रदर्शनीमा प्राप्त प्रतिक्रियालाई लिएर उत्साहित सुनिइन् । ‘प्रियजनको मृत्यु, ऋतुहरुमा परिवर्तन, छिनछिनमै बदलिइरहने आफ्नै मनस्थिति, विश्वव्यापी जलवायु परिवर्तन आदि अनित्यका बलिया विम्ब हुन्,’ क्रो भन्छिन्, ‘मलाई आशा छ यो प्रदर्शनीले विविध कलाको सम्मिश्रण मार्फत जीवन र जगतको जटिलतालाई सरल अभिव्यक्तिमा बताइदिनेछ ।’

प्रदर्शनी आयोजना गरिएको लिच्छवि हाउस आफैंमा क्युरेसनको अंश भएको उनको भनाइ छ । प्रदर्शनी आयोजना गरिएको स्थलको महत्व दर्शाउँदै क्रो भन्छिन्, ‘कुनै समय बाँझो मैदान रहेको ठाउँमा पुराना भवनका भग्नावशेष पन्छाएर जग बसालिएको लिच्छवि हाउस अहिले रुपान्तरणको अवस्थामा छ । जहाँ अलि पहिले एक हिप्पी रेष्टुरेन्ट थियो । चाँडै अब समकालीन संस्कृतिको केन्द्र बन्दैछ ।’ लिच्छवि हाउसकी कार्यक्रम प्रमुख टारीरत्न प्रधानले सबै कलाकारको अनुपम कलाशैली देखाउन पाउँदा आफूहरु उत्साहित रहेको बताइन् । ‘यहाँ समावेश हुने प्रत्येक कलाकृतिले जीवन सधैं कसरी परिवर्तन भइरहेको हुन्छ भनेर गहन र व्यापक रुपमा प्रस्तुत पनि गरेको छ,’ उनले भनिन् ।

**कहाँबाट को कलाकार आएका छन् ?** फ्रान्सका चर्वेई साई, बेलायतका लुसिन्डा कामेन, पूर्वबाट ड्यालाइस्ट र भ्रमादेव पुष्पा, भुटानका कर्मा वाङ्चुक, भारतकी गौरी गिल र नेपालकी महिमा सिंहले कला प्रस्तुति दिइरहेका छन् । भ्रमादेव पुष्पा बहुमुखी कलाकार हुन् जो एकैसाथ फिल्म निर्माण, गार्मेन्ट डिजाइन र फोटोग्राफी शिल्पमा प्रसिद्ध छिन् । उनका सिर्जनात्मक चेतले परम्परागत सीमा तोडेर फिल्म, फेसन र श्रव्यदृश्य कलामा रोमाञ्चक कथा सिर्जना गर्छन् जसले दर्शकको चाखलाई गहिरोसँग प्रतिविम्बित गर्छ । रोड आइल्याण्ड स्कुल अफ डिजाइनबाट औद्योगिक डिजाइन तथा कला र वास्तुकलामा स्नातक चार्वेई साई फ्रान्सको राजधानी पेरिसमा बस्छिन् र त्यहाँ क्रियाशील छिन् । भौगोलिक, सामाजिक र आध्यात्मिक आकृतिहरु उनको सिर्जनाका मूल विशेषता हुन् । उनले हालै रिइम्याजिन आर्ट नाउ, न्युयोर्कको रुबिन आर्ट म्युजियम, ग्वाङ्जु बिएनाले लगायतमा कला प्रदर्शनी गरेकी छन् । डायलाइस्ट एक चिनियाँ ग्राफिटी कलाकार हुन्, जसले सहरी कलामा आफ्नो ठाउँ भेट्टाए । अहिले नेपालमा बसेर उनले ग्राफिटीमार्फत कलाको अन्वेषण गरिरहेका छन् । प्रदर्शनीकी क्युरेटर समेत रहेकी एमिली एभरी योशिको क्रो अमेरिकाको कोलोराडोमा जन्मिएकी कलाकार हुन् । उनी पानीरङ, प्राकृतिक मूर्तिकला, कपडा, एनिमेसन र फिल्म निर्माण डिजाइनमा काम गर्छिन् । उनको कला धार्मिक मूर्तिकलासँग सम्बन्धित छ, जसले वर्तमान समयमा मिथक र रहस्यमय कल्पनालाई पुनर्परिभाषित गर्छ । खिन्से नोर्बुका फिल्महरु ‘हेमा हेमा’, डाकिनी, पिग एट द क्रसिङमा उनी आर्ट डिजाइनरको रुपमा थिइन् । भारतीय कलाकार गौरी गिलले भारत र अन्तर्राष्ट्रिय रुपमा प्रशस्तै कला प्रदर्शनी गरिरहेकी छन् । भुटानका कर्मा वाङ्चुक कलाकारको साथै स्वतन्त्र फिल्म निर्माता पनि हुन् । उनको प्रयोगात्मक छोटो फिल्म ‘द मंक इन द फरेस्ट’ सिंगापुर अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा प्रिमियर भएको थियो । लण्डनलाई कर्मथलो बनाएकी लुसिन्डा कामेन दृश्य कलाकार हुन् । काठमाडौंमा जन्मिएकी महिमा सिंह दृश्य कलाकारसँगै कला शिक्षक समेत हुन् । भिजुअल र प्रदर्शनी कलामार्फत सामाजिक रीतिरिवाजलाई चुनौती दिने प्रयत्नमा उनी छिन् ।

*-अनलाइन खबर डटकम*

# पाल्पामा नेपाल प्रेस युनियन र काँग्रेसबिच छलफल



**पाल्पा,** चैत १३/ नेपाली काँग्रेस पाल्पा र शुभेच्छुक संस्था नेपाल प्रेस युनियन पाल्पा शाखाबिच छलफल भएको छ । नेपाली काँग्रेस जिल्ला कार्यसमितिको आयोजनामा मंगलबार सांगठनिक र समसामयिक विषयमा छलफल भएको हो ।

छलफलमा नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले लोकतन्त्रको संस्थागत विकासमा प्रेस युनियनको महत्वपूर्ण भूमिका रहेको बताए । उनले पार्टीका हरेक गतिविधिहरुमा सक्रिय भएर लाग्न युनियनमा आवद्ध पत्रकारहरुलाई आग्रह गरे । सभापति श्रेष्ठले भने 'पत्रकार भनेका समाजका ऐन हुन । समाजलाई रुपान्तरण गर्न उनीहरुको भूमिका महत्वपूर्ण रहन्छ ।' पाल्पाको प्रेस युनियनको संस्थागत विकास र पत्रकारहरुको सुरक्षाका सवालमा पार्टी नेतृत्व गम्भीर रहेको उनले बताए । सभापति श्रेष्ठले पछिल्लो समय मिडिया र पत्रकारहरुको पेशा संकटमा पर्दै गएको प्रति पार्टी चिन्तित रहेको भन्दै अब पत्रकार र सञ्चार माध्यम समय सापेक्षा परिवर्तन हुन जरुरी रहेको धारणा व्यक्त गरे । उनले कुरा भन्दा पनि काम गर्ने बेला आएकाले पत्रकारहरु समेत आफ्नो पेशाप्रति समर्पित बन्नुपर्नेमा जोड दिए । सभापति श्रेष्ठले प्रेस युनियन, पार्टी र पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरु बिचको सम्बन्ध सुमधुर बनाएर लैजान पार्टीले समन्वयकारी भूमिका खेल्ने बताए । नेपाली काँग्रेसका उपसभापति तथा प्रेस युनियन पाल्पाका संस्थापक सभापति झपेन्द्र गहिरेले उच्च मनोबलका साथ संगठमा लाग्न युनियनमा आवद्ध पत्रकारहरुलाई आग्रह गरे । उनले पछिल्लो समय पार्टीप्रति युनियनमा नैराश्यता छाएको भन्ने गुनासो आएपनि त्यस्तो नरहेको स्पष्ट पारे ।

उपसभापति गैरेले भने 'प्रेस युनियनको ५१ साल देखिको इतिहासमा थुप्रै उत्तराचढाप आए, ति कुराहरुको सामना गर्दै युनियन आज यो अवस्थामा आइपुगेको हो । अहिले संगठन गुणात्मक रुपमा बलियो छ, निराश हुनुपर्ने अवस्था छैन ।' छलफलमा युनियनका अध्यक्ष मन गहिरेले युनियनका ९ बुँदे साझा एजेण्डा प्रस्तुत गरेकी थिइन् । एजेण्डा प्रस्तुत गर्दै अध्यक्ष गहिरेले युनियनको संस्थागत विकासमा पार्टीले ध्यान दिनुपर्ने बताइन् । युनियनका निवर्तमान अध्यक्ष भरत शर्माले युनियनमा आवद्ध पत्रकारहरु एक जुट भएर गाडि बढ्नुपर्ने बताए । उनले युनियन भित्र एकता नहुँदा संगठन बलियो नभएको भन्दै अब एक जुट भएर अगाडि बढ्नुको विकल्प नरहेको धारणा व्यक्त गरे । युनियनका सल्लाहकार शंकर भण्डारीले पार्टीप्रति युनियनमा आवद्ध पत्रकारहरुमा निराशा छाएकाले त्यसतर्फ पार्टी नेतृत्वले ध्यान दिनुपर्नेमा जोड दिए । अर्का सल्लाहकार तथा युनियन प्रदेशका लेखा समितिका संयोजक मुक्ति न्यौपानेले पत्रकारहरुले तथ्याङकमा रहेर समाचार सम्प्रेषण गर्नुपर्ने भएकाले पार्टीले सोही अनुसार संगठनका संरचनाहरुमा ध्यान दिनुपर्ने बताए । छलफलमा युनियनमा आवद्ध पत्रकारहरुले आ-आफ्ना जिज्ञासा र सुझाव राखेका थिए । पार्टी सभापति हिमालदत्त श्रेष्ठको अध्यक्षता, सचिव सन्तोषकुमार थापाको सञ्चालनमा छलफल भएको थियो ।

# पाल्पामा भरुवा बन्दुकसहित चार जना पक्राउ





**पाल्पा,** चैत १३/पाल्पामा अवैध भरुवा बन्दुकसहित चार जना पक्राउ परेका छन् । जिल्लाको रैनादेवी छहरा गाउँपालिका ७ पहेलाघाटमा अस्थायी प्रहरी पोष्ट बलेवासबाट खटिएको प्रहरी टोलीले अवैध भरुवा बन्दुकसहित चार जनालाई पक्राउ गरेको हो । प्रहरीले रैनादेवी छहरा गाउँपालिका ८ ईटियाका ५६ बर्षिय विनोद थापा, रुपन्देही सैनामैना नगरपालिका ५ का ३१ वर्षिय सन्तोष राना, रुपन्देही सैनामैना नगरपालिका १० का ४१ वर्षिय सुकई थारु र रैनादेवी छहरा गाउँपालिका ७ धावाका २४ वर्षिय बुद्धबहादुर भन्ने रमेश कुमाललाई एकनाले भरुवा बन्दुक र छर्रा बारुद सहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । प्रहरीको गस्ती टोलीले थापा, राना र थारुलाई शंका लागि चेकजाँच गर्ने क्रममा सुकई थारुको साथबाट भरुवा बन्दुकमा प्रयोग हुने छर्रा र बारुद फेला पारी सोधपुछको क्रममा बुद्धबहादुर भन्ने रमेश कुमालको घरमा भरुवा बन्दुक रहेको भनी खुल्न आएको र निजको घरमा खानतलासी गर्दा एकनाले भरुवा फेला पारेको थियो । उनीहरुलाई पक्राउ गरी प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।


## सन्तोष चलचित्र मन्दिरमा...



सन्तोष चलचित्र मन्दिर तानसेनमा चैत्र ९ गतेदेखि भव्यताका साथ दैनिक ३ शो प्रदर्शन भइरहेको छ नेपाली चलचित्र **'महाजात्रा'** ।

*पहिलो शो : ११:३० बजे, दोस्रो शो : २:३० बजे र तेश्रो सो साझ ५:३० बजे*

*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*


खेलकुद समाचार

# टी-२० शृङ्खलाको उपाधी नेपाललाई



**काठमाडौं,** चैत १३/आयरल्याण्ड 'ए' विरुद्धको दोस्रो टी-२० खेलमा नेपाल विजयी भएको छ । आयरल्याण्ड 'ए'लाई ७१ रनले पराजित गर्दै नेपालले उक्त शृङ्खलाको उपाधि जितेको हो ।

यसअघि पहिलो खेलमा पनि नेपालले आयरल्याण्डलाई ६ विकेटले पराजित गरेको थियो । मंगलबारको खेलमा नेपालले आयरल्याण्डलाई जितको लागि एक सय ९९ रनको लक्ष्य दिएको थियो । जवाफमा आयरल्याण्डको पारी १८ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै एक सय २७ रनमा समेटियो । आयरल्याण्डका लागि स्टेफन डोहेनीले सर्वाधिक २६ रन बनाए । उनले १३ बलमा चार चौका र एक छक्का प्रहार गरे । यस्तै मोर्गन टपिङ्गले २१, केड कारमाइकलले १८ तथा कप्तान निल रकले १७ रन बनाए । बलिङतर्फ नेपालका कुशल मल्ल र सोमपाल कामीले तीन तीन तथा विवेक यादव, कुशल भुर्तेल र करण केसीले एक एक विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ९८ रन बनायो । नेपालका लागि गुल्शन झाले सर्वाधिक ४६ रनको योगदान दिए । उनले ३२ बल खेल्ने क्रममा एक चौका र चार छक्का प्रहार गरे ।

त्यसैगरी, कुशल मल्लले १३ बलमा एक चौका र चार छक्काको सहयोगमा ३४, कप्तान रोहितकुमार पौडेलले २४ बलमा पाँच चौकाको मद्दतमा ३३, कुशल भुर्तेलले २५, सन्दीप जोराले २१, अनिल साहले १२ तथा आशिफ शेखले ११ रन बनाए । बलिङतर्फ आयरल्याण्ड 'ए' का म्याथ्यु फस्टरले तीन, बेन ह्वाइटले दुई तथा फिन ह्यान्ड र गेभिन होईले एक एक विकेट लिए ।


## वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


कर्पोरेट/अर्थ समाचार

# ग्लोबल बैंकले ल्यायो ग्रिन ड्राइभ योजना

Global IME Bank

ग्लोबल आइएमई बैंक लि.

**पाल्पा,** चैत १३/ग्लोबल आइएमई बैंक लिमिटेडले ग्रिन ड्राइभ योजना ल्याएको छ । बैंकले आफ्ना ग्राहकहरुको योजनालाई मध्यनजर गर्दै बैंकले सो योजना ल्याएको हो ।

अटो कर्जा अन्तर्गत विद्युतीय सवारी साधन प्रवर्द्धन गर्न न्यूनतम ब्याजदरमा ग्रिन ड्राइभ योजना सार्वजनिक गरिएको बैंकले जनाएको छ । यस योजना अन्तर्गत व्यक्तिगत प्रयोजनको लागि चारपाङ्गे सवारी साधन खरिद गर्दा ९.४९ प्रतिशतदेखि ९.९९ प्रतिशतसम्मको स्थिर ब्याजदरमा कर्जा पाइनेछ । कर्जाको अवधि ५ वर्षसम्मको लागि स्थिर ९.४९ प्रतिशत र ५ वर्षभन्दा बढिको लागि स्थिर ९.९९ प्रतिशत ब्याजदर रहेको छ । न्यूनतम् सहित स्थिर ब्याजदरमा सार्वजनिक भएको उक्त योजना सरल तरिकाले छिटो कर्जा उपलब्ध हुने भएकाले विद्युतीय सवारी साधनको प्रयोग गर्ने मनस्थिति बनाएका महानुभावहरुलाई यस योजनाले लाभान्वित गर्ने विश्वास बैंकले लिएको छ । बैंकले बेला बेललामा ग्राहकहरुका लागि आकर्षण योजनाहरु ल्याउने गरेको छ । उसले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वित्तीय पहुँचबाट बाहिर रहेका विभिन्न लक्षित वर्गहरू पहिचान गरी वित्तीय साक्षरता कार्यक्रमहरु समेत सञ्चालन गर्दै आएको छ । बैंकले ग्लोबल मनि विक २०२४ को अवसर पारेर देशव्यापी रूपमा साक्षरता कार्यक्रम गर्दै आएको छ । कार्यक्रममा कृषक, लघु, साना तथा मझौला उद्यमीहरु, मजदुर, वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिहरू, विद्यार्थी, महिला, विप्रेषण प्रापक तथा स्थानीय युवा-युवतीहरूले भाग लिएका छन् । ग्लोबल आइएमई बैंकले आफ्ना ३ सय ५४ वटै शाखाहरुमार्फत वित्तीय साक्षरता तथा डिजिटल बैंकिङ प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गर्ने गरी अगाडि बढेको छ । कार्यक्रममा बचत, कर्जा, रेमिट्यान्स, डिजिटल बैंकिङ्ग, बीमा, लगानी, अतिरिक्त बैंकिङ्ग सेवाहरु, वित्तीय ठगी र वित्तीय अनुशासन सम्बन्धी विषयवस्तुमा जानकारी गराइएको छ । ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३ सय ५४ शाखा कार्यालय, ३ सय ७९ एटिएम, २ सय ७७ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १ हजार १ सय भन्दा बढि सेवा केन्द्र रहेका छन् ।


## मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई